नेपाल सरकार,
भूमि सुधार तथा व्यवस्था मन्त्रालय,

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रे,नेपाल

**र**

# काठमाण्डौं विश्वविद्यालय

धुलिखेल, काभ्रे, नेपाल

# बीच
# व्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स
# कोर्ष सञ्चालन गर्ने सम्बन्धी
## सहमती-पत्र

(Memorandum of Understanding )

**प्रस्तावना :**

सूचना प्रविधी, नापनक्शा तथा भौगोलिक सूचना प्रविधीमा भैरहेको द्रुततर बिकासबाट सिर्जित अवसरलाई समुचित उपयोग गर्दै भूमि र भूमि स्रोतको दिगो उपयोग र व्यवस्थापन वाट राष्ट्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा योगदान पुऱ्याउन नापनक्शा,भौगोलिक सूचना, भूमि प्रशासन र यस सम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा दक्ष प्राविधिक र उच्च स्तरिय प्राज्ञिक जनशक्तिको अपरिहार्यतालाई आत्मसात गर्दै यस्ता दक्ष जनशक्ति स्वदेशमै उत्पादन गर्ने उद्देश्य लिई विगत ८ वर्षदेखि सहकार्यमा सञ्चालित व्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्ष र विगत २ बर्ष देखि सञ्चालित मास्टर इन ल्याण्ड एड्मिनिस्ट्रेसन कोर्ष सञ्चालनबाट प्राप्त गुणस्तरिय जनशक्ति उत्पादनको सकारात्मक उपलब्धीलाई दृष्टिगत गरि सो सहकार्यलाई निरन्तरता दिन मिति २०७२।४।१७ को नेपाल सरकार, मन्त्रिस्तरको निर्णय वमोजिम नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालय अर्न्तगतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (यसपछि केन्द्र भनिएको) र काठमाण्डौं विश्वविद्यालय (यसपछि विश्वविद्यालय भनिएको) बिच यो सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरी लागु गरेका छौं ।

**१. सहमती पत्रको संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस सहमती पत्रको नाम "भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालयको सहकार्यमा ब्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्ष संचालन गर्ने सम्बन्धी सहमति-पत्र" रहेको छ ।

(२) यो सहमति पत्र दुवै पक्षवाट हस्ताक्षर भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सहमति पत्रमा -

(क) "मन्त्रालय" भन्नाले नेपालीमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय, अंग्रेजीमा Ministry of Land Reform & Management र छोटकरीमा MoLRM भन्ने सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले नेपालीमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, अंग्रेजीमा Land Management Training Centre र छोटकरीमा LMTC भन्ने सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले नेपालीमा काठमाण्डौं विश्वविद्यालय, अंग्रेजीमा Kathmandu University र छोटकरीमा KU भन्ने सम्झनु पर्छ ।

(घ) "दुवैपक्ष" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय भन्ने सम्झनु पर्छ ।

(ङ) "सहमती-पत्र" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालयविच भएको Memorandum of Understanding र छोटकरीमा MoU भन्ने सम्झनु पर्छ ।

(च) "कोर्ष" भन्नाले नेपालीमा ब्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स इन्जिनियरिङ्ग र अंग्रेजीमा Bachelor of Engineering in Geomatics Engineering भन्ने सम्झनु पर्छ ।

(छ) "ब्याच" भन्नाले ब्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्षका लागि प्रत्येक बर्ष एक पटकमा भर्ना लिईने विद्यार्थीको समूह र अंग्रेजीमा Batch भन्ने सम्झनु पर्छ ।

(ज) "सेमेस्टर" भन्नाले ६ महिने अवधिको प्राज्ञिक कार्यक्रम र अंग्रेजीमा Semester भन्ने सम्झनु पर्छ ।

(झ) "निर्देशक समिति" भन्नाले सहमती पत्रको दफा ७ वमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

**३. भाषा र अनुवाद:-** (१) यो सहमती पत्र नेपाली भाषामा तयार गरिएको छ । तर डाटा, चिट्ठिपत्र तथा प्राविधिक सूचनाको आदान प्रदान नेपाली वा अंग्रेजी भाषामा गर्न सकिनेछ ।

(२) यो सहमति-पत्रमा उल्लिखित दफाहरुमा कुनै कानुनी दुविधा उत्पन्न भएमा प्रचलित कानुन अनुसार हुनेछ ।

**४. कार्य क्षेत्र:-** (१) विश्वविद्यालयले प्रत्येक वर्ष एक ब्याच विद्यार्थी भर्ना लिने गरी कोर्ष सञ्चालन गर्नेछ ।

(२) प्रति ब्याच तीस जना विद्यार्थी भर्ना लिइनेछ ।

(३) कोर्षमा शुरु प्रवेशको लागि आवश्यक योग्यता विश्वविद्यालयको निर्धारित मापदण्ड बमोजिम हुनेछ ।

(४) विश्वविद्यालयबाट सञ्चालित प्रवेश परिक्षामा उत्तिर्ण मेरिट योग्यताक्रमका आधारमा प्रति वर्ष प्रति ब्याचमा प्रत्येक बिकास क्षेत्रबाट बढिमा ४ जना हुने गरी जम्मा २० जना विद्यार्थीहरुलाई विश्वविद्यालयको नियम अनुसार लाग्ने कुल शुल्क (धरौटी बाहेक) को ३५% रकम नेपाल सरकारबाट छात्रवृत्ति उपलब्ध गराइनेछ । कूल शुल्क र प्रति वर्ष लाग्ने आर्थिक श्रोतको आँकलन अनुसूची-१ बमोजिम हुनेछ ।

(५) उपदफा ४ बमोजिम कुनै बिकास क्षेत्रको छात्रवृत्ती कोटामा विद्यार्थी भर्ना हुन नआएमा त्यस्तो रिक्त संख्या प्रवेश परिक्षा उत्तिर्ण गरी छनौट हुने मेरिट योग्यताक्रमका आधारमा अन्य बिकास क्षेत्रका विद्यार्थीलाई २० जनामा नबढ्ने गरी छात्रवृत्ति कोटा वितरण गर्न सकिनेछ । साथै छात्रवृत्ति प्राप्त गरेका कुनै विद्यार्थीले बिचैमा अध्ययन छाडेमा वा निष्काशन भएमा छात्रवृत्ती कोटा छात्रवृत्ति प्राप्त नगरेको मध्ये मेरिट योग्यताक्रममा रहेका अर्को विद्यार्थीलाई बांकी अवधिको छात्रवृत्ति वितरण गर्न सकिनेछ ।

(६) उपदफा ४ अनुसार लाग्ने छात्रवृत्ति रकम नेपाल सरकारबाट वार्षिक रुपमा वार्षिक कार्यक्रम बजेटका आधारमा विनियोजन हुनेछ ।

(७) यो छात्रवृत्ति योजना आ.व. २०७२/०७३ देखि २०७५/०७६ सम्म अर्थात ४ वर्ष सम्म भर्ना हुने ४ ब्याच विद्यार्थीहरु उत्पादन गर्नका लागि लागु हुनेछ ।

**५. विश्वविद्यालयको जिम्मेवारी:-** (१) विश्वविद्यालयले कोर्ष सञ्चालनका लागी छुटै विभाग वा विभाग सरह स्वायत्तता प्राप्त इकाई स्थापना गरी आवश्यक भौतिक पूर्वाधार सहितको भवन, आधुनिक सर्भे यन्त्र उपकरण तथा जि आई एस, रिमोट सेन्सिङ प्रयोगशालाहरुको विकास गर्नेछ ।

(२) विश्वविद्यालयले सैद्धान्तिक र व्यवहारिक कक्षा सञ्चालनका लागि कक्षा कोठा, प्रयोगशाला कक्ष, पुस्तकालय, इन्टरनेट र फिल्ड कार्य, प्रोजेक्ट कार्य र अभ्यास कार्य सञ्चालन गर्न आवश्यक पर्ने यन्त्र उपकरण एवं Cartographic Drawing Tools, पर्माट्रेश, ड्रइङ मसी लगायतका सरसामानको व्यवस्था गर्नेछ ।

तर कोर्ष सन्चालनका लागि विश्वविद्यालयमा कुनै यन्त्र उपकरण उपलब्ध नभई सो यन्त्र उपकरण आवश्यक पर्ने भएमा अनुसूची-२ मा उल्लेखित यन्त्र उपकरण केन्द्रसंग भाडामा लिई प्रयोग गर्न सक्नेछ । भाडामा लिइएका यन्त्र उपकरणको सुरक्षा र संरक्षण गर्नु विश्वविद्यालयको जिम्मेवारी हुनेछ । भाडा वापतको रकम राजश्व खातामा दाखिला गरिनेछ ।

(३) विश्वविद्यालयले कोर्ष सञ्चालनका लागि आवश्यक पर्ने विज्ञ जनशक्तिको व्यवस्था आफैले गर्नेछ ।

(४) केन्द्रको मापदण्ड अनुरुप कोर्षको फिल्ड कार्य सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी विश्वविद्यालयको हुनेछ । कोर्षको फिल्ड कार्य सञ्चालन गर्न फिल्ड क्याम्प प्रमुख र विज्ञ जनशक्ति विश्वविद्यालयले व्यवस्था गर्नेछ ।

तर विश्वविद्यालय संग फिल्डकार्य सञ्चालन गर्न कुनै विज्ञ जनशक्ति उपलब्ध नभई फिल्ड सञ्चालन गर्न कठिनाई परेमा विश्वविद्यालयले त्यस्तो विज्ञ जनशक्ति केन्द्रसंग माग गर्न सक्नेछ ।

केन्द्रले त्यस्तो विज्ञ जनशक्ति विश्वविद्यालयलाई फिल्ड काजमा उपलब्ध गराउनेछ। त्यसरी फिल्ड काजमा खटाइएको विज्ञ जनशक्तिको दैनिक तथा भ्रमण भत्ता विश्वविद्यालयले भुक्तानी गर्नुपर्नेछ।

(५) विश्वविद्यालयले प्रवेश परीक्षा सञ्चालन र छनौट, आन्तरिक र सेमेष्टर परीक्षा संचालन र नतिजा प्रकाशन एवं दीक्षान्त समारोह आयोजना गर्नेछ।

(६) विश्वविद्यालयले छुट्टै विभाग वा विभाग सरह स्वायत्तता प्राप्त एकाइ स्थापना नभए सम्मका लागि समन्वय गर्न कोर्ष संयोजक एकजना तोक्नेछ। त्यस्तो कोर्ष संयोजकलाई विश्वविद्यालयले विश्वविद्यालयको नियमानुसार मासिक भत्ता उपलब्ध गराउनेछ।

(७) कोर्षमा अध्ययनरत विद्यार्थीहरुले केन्द्रका यन्त्र उपकरण र पुस्तकालय प्रयोग गर्न चाहेमा प्रति विद्यार्थी अनुसूची-३ मा उल्लेखित धरौटी वापतको रकम विश्वविद्यालयले केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(८) कोर्ष सञ्चालनका क्रममा कोर्षसंग सम्बन्धित विषयमा विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतको स्कूल अफ इन्जिनियरिङ्ग, विभाग वा स्वायत्तता प्राप्त इकाईले तेश्रो पक्षसंग सहकार्य गरी अध्ययन अनुसन्धान कार्य गरेमा केन्द्रका विज्ञ पदाधिकारीलाई अनिवार्य संलग्न गराउनु पर्नेछ।

(९) विश्वविद्यालयले कोर्षमा अध्ययनरत विद्यार्थीलाई अन्य विद्यार्थी सरह धुलिखेल अस्पताल (विश्वविद्यालयको शिक्षण अस्पताल) मा स्वास्थ्य सहुलियत उपलब्ध गराउनेछ। साथै केन्द्रमा कार्यरत इच्छुक कर्मचारीलाई विश्वविद्यालयका कर्मचारी सरह स्वास्थ्य वीमा योजनामा समावेश गर्नेछ।

(१०) विश्वविद्यालयले केन्द्रसंग छात्रवृत्ति रकमको भुक्तानी माग गर्दा सहमती पत्रको दफा १० बमोजिमको प्रगती प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

(११) केन्द्रबाट प्राप्त छात्रवृति रकम सम्बन्धित विद्यार्थिको शुल्कमा समायोजन भएको विवरण भुक्तानी प्राप्त भएको मितिले १ महिनाभित्र विश्वविद्यालयले केन्द्रमा उपलब्ध गराउनु पर्नेछ।

६. **केन्द्रको जिम्मेवारी:-** (१) केन्द्रले कोर्षको फिल्डकार्य, प्रोजेक्ट कार्य र अभ्यास कार्य संचालन गर्न माग गरेका DGPS, Theodolite, Level र Total Station जस्ता यन्त्र उपकरण माग गरेमा अनुसुचि-२ मा उल्लेखित शूल्क लिई विश्वविद्यालयलाई दैनिक भाडामा उपलब्ध गराउनेछ।

(२) केन्द्रका यन्त्र उपकरण र पुस्तकालय प्रयोग गर्न चाहने विद्यार्थीहरुको धरौटी वापतको रकम (पछि फिर्ता हुने गरी) विश्वविद्यालयबाट प्राप्त भएपछि केन्द्रले ती विद्यार्थीलाई यन्त्र उपकरण/प्रयोगशाला/पुस्तकालय प्रयोग गर्न दिनेछ।

(३) विश्वविद्यालयले कोर्षको फिल्ड कार्यमा प्रशिक्षणका लागि विज्ञ जनशक्ति माग गरेमा केन्द्रले त्यस्तो विज्ञ जनशक्तिलाई विश्वविद्यालयले दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने गरी फिल्ड काजमा खटाउनेछ।

(४) विश्वविद्यालयले माग गरेको छात्रवृत्ति रकम, संलग्न प्रतिवेदन र अन्य आधार प्रमाणहरु चेकजांच गरी विश्वविद्यालयले प्रयोग गरेको यन्त्र उपकरण लगायतका शुल्क भए सो समेत कट्टा गरी बांकी छात्रवृत्ति रकम वार्षिक रुपमा विश्वविद्यालयलाई भुक्तानी गर्नेछ।

(५) कोर्ष उत्तिर्णका क्रममा कोर्ष संग सम्बन्धित विषयमा केन्द्रले तेश्रो पक्षसंग सहकार्य गरी अध्ययन अनुसन्धान कार्य गरेमा विश्वविद्यालयका सम्बन्धित विज्ञ पदाधिकारीलाई अनिवार्य संलग्न गराउनु पर्नेछ।

(६) प्रवेश परीक्षा उत्तिर्ण र छनौट, आन्तरीक र सेमेष्टर परीक्षा उत्तिर्ण र नतिजा प्रकाशनमा विश्वविद्यालयको निर्धारित मापदण्ड अनुसार केन्द्रले आवश्यक सहयोग गर्नेछ।

(७) केन्द्रले कोर्ष संचालनमा समन्वय गर्न एकजना कोर्ष संयोजक तोक्नेछ।

(८) केन्द्रले कोर्षको आकस्मिक निरिक्षण र अनुगमन गर्न सक्नेछ।

**७. निर्देशक समिति** :- (१) कोर्षको व्यवस्थापन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छ :-

(क) रजिस्टार, काठमाण्डौं विश्वविद्यालय - संयोजक
(ख) कार्यकारी निर्देशक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र - सदस्य
(ग) डिन, स्कूल अफ इन्जिनियरिङ्ग, काठमाण्डौं विश्वविद्यालय - सदस्य
(घ) निर्देशक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र - सदस्य
(ङ) प्रमुख, जियोम्याटिक्स इन्जिनियरिङ्ग विभाग, काठमाण्डौं विश्वविद्यालय - सदस्य-सचिव

(२) जियोम्याटिक्स इन्जिनियरिङ्ग विभाग स्थापना नभए सम्म जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्षका कोर्ष संयोजकले सदस्य-सचिवको कार्य गर्नेछ ।

**८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार:-** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) कोर्षको सैद्धान्तिक, अभ्यास कार्य, प्रोजेक्ट कार्य र फिल्डकार्य सञ्चालन सम्बन्धी नर्म्स, आधार र मापदण्ड तर्जुमा गरी लागू गर्ने,
(ख) कोर्ष उत्तिर्ण गर्ने सम्बन्धमा कुनै समस्या आएमा सो को निराकरण गर्ने,
(ग) समयानुकूल कोर्षको पाठ्यक्रममा संशोधन तथा परीमार्जन गर्न आवश्यक देखीएमा कार्यदल गठन गरी प्रतिवेदन लिने,
(घ) कार्यदलबाट प्राप्त प्रतिवेदन उपयुक्त देखिएमा विश्वविद्यालयको नियमानुसार पाठ्यक्रम परिमार्जनका लागी विश्वविद्यालयमा सिफारीश गर्ने,
(ङ) कोर्षमा अध्ययनका लागि विद्यार्थी भर्ना भए पश्चात छात्रवृत्ति प्राप्त गरेको कुनै विद्यार्थीले विचैमा अध्ययन छाडेमा वा निष्काशन भई छात्रवृत्तिको कोटा रिक्त हुन गएमा सोही विकास क्षेत्रको मेरिट योग्यताक्रमका आधारमा त्यसपछिको उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिमा सिफारिश गर्ने ।

(२) समितिको बैठक आवश्यक अनुसार बस्नेछ । एक बैठक र अर्को बैठक विचको अन्तरको समयावधी तीन महिना भन्दा वढी हुने छैन । समितिको बैठकको भत्ता विश्वविद्यालयले उपलब्ध गराउनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार दुवै पक्षका लेखा तथा प्रशासन प्रमुख र अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**९. सहमतीपत्र लागु हुने अवधि:-** (१) यो सहमती पत्र आ.व. २०७२/०७३ देखि २०७५/०७६ सम्म अर्थात ४ वर्ष सम्म भर्ना हुने ४ ब्याच विद्यार्थीका लागि लागु हुनेछ ।

(२) कोर्ष उत्तिर्णबाट प्राप्त उपलब्धि र आवश्यकतालाई मूल्याङ्कन गरी दुवै पक्षको सहमतीमा समयावधि थप गर्न सकिनेछ ।

**१०. प्रगती प्रतिवेदन:-** विश्वविद्यालयले प्रत्येक वर्ष कोर्ष अध्ययनका लागि तोकिएको शुल्क, कोर्षमा अध्ययन गर्न चाहने विद्यार्थीहरुको प्रवेश परीक्षामा उत्तिर्ण विद्यार्थीहरुको मेरीट योग्यताक्रम, विकासक्षेत्र अनुसार उत्तिर्ण विद्यार्थीहरुको मेरीट योग्यताक्रम, विकासक्षेत्र अनुसार छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली, कोर्षमा अध्ययनरत सम्पूर्ण विद्यार्थीले प्रत्येक सेमेष्टरमा प्राप्त गरेको ग्रेड र प्राप्तांक सम्बन्धी विवरण, अन्य कोर्षमा स्थानान्तरण गरेमा वा अध्ययन विचैमा छाडेमा सोको विवरण लगायतका विवरण संलग्न गरी बार्षिक प्रगति प्रतिवेदन केन्द्रमा पठाउनुपर्नेछ ।

**११. विवाद र समाधान:-** यदि दुवै पक्ष बीच कुनै विवाद वा दुविधा उत्पन्न भएमा सो को समाधान आपसी सहमतीबाट गरिनेछ । त्यस्तो विवाद आपसी सहमतीबाट समाधान हुन नसकेमा प्रचलित कानून अनुसार हुनेछ ।

१२. यो सहमती पत्रमा उल्लिखित दफाहरुमा मन्जुर गरी लागू गर्न दुवै पक्ष सहमत भै सहीछाप गरी एक एक प्रति लियौं दियौं ।

**केन्द्रको तर्फबाट**

हस्ताक्षर:
नाम: कृष्णराज बि.सी.

पद: कार्यकारी निर्देशक
मिति:
कार्यालयको छाप

**विश्वविद्यालयको तर्फबाट**

हस्ताक्षर:
नाम: प्रा.डा. भोला थापा

पद: रजिष्ट्रार
मिति:
कार्यालयको छाप

**रोहवर**

मन्त्रालयको प्रतिनिधी
हस्ताक्षर:
नाम: नागेन्द्र झा
पद: सहसचिव

**रोहवर**

हस्ताक्षर:
नाम: उप.प्रा.डा.प्रचण्डमान प्रधान
पद: का.मु. विभागीय प्रमुख
सिभिल एण्ड जियोम्याटिक्स विभाग
स्कूल अफ इन्जिनियरङ्ग

**साक्षी**

हस्ताक्षर:
नाम: विकास कुमार कर्ण
पद: वरिष्ठ प्रशिक्षक

**साक्षी**

हस्ताक्षर:
नाम: सुभाष घिमिरे
पद: कोर्ष संयोजक

**अनुसूची-१**

(सहमती पत्रको दफा ४ को उपदफा (४) (क) संग सम्बन्धित)

**छात्रवृत्ति रकमको अनुमानित आर्थिक स्रोत आँकलन र व्यवस्थापन सम्वन्धी**

(क) ४ वर्षे अवधीको ब्याचलर अफ इन्जिनियरिङ्ग इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्षको अध्ययनका लागि प्रति विद्यार्थी धरौटी रकम बाहेक कूल शुल्क रु.५,८५०००।- (अक्षेरुपी पाँच लाख पचासी हजार मात्र) हुनेछ । आगामी वर्ष देखि कोर्षको कूल शुल्कमा हुने परिवर्तन विश्वविद्यालयको नियमानुसार हुनेछ ।

(ख) केन्द्रले सहमतीपत्र अनुसार ४ ब्याच लगातार रुपमा संचालन गर्न प्रति बर्ष आवश्यक पर्ने छात्रवृत्ति रकमको आँकलन देहाय बमोजिम हुनेछ :

| आ.व. | शुल्कको जम्मा लागत अनुमान (रु हजारमा) | केन्द्रले छात्रवृत्ती वापत भुक्तानी गर्ने (रु हजारमा) | विश्वविद्यालयले विद्यार्थीबाट संकलन गर्ने (रु हजारमा) |
|---|---|---|---|
| २०७२।०७३ | ५७,०० | १५,५० | ४१,५० |
| २०७३।०७४ | ९५,८२ | २६,०० | ६९,८२ |
| २०७४।०७५ | १,३४,८० | ३७,०० | ९७,८० |
| २०७५।०७६ | १,७४,०० | ४७,५० | १,२६,५० |
| २०७६।०७७ | १,३४,८० | ३७,०० | ९७,८० |
| २०७७।०७८ | ९५,८२ | २६,०० | ६९,८२ |
| २०७८।०७९ | ५७,०० | १५,५० | ४१,५० |
| **कूलजम्मा** | **७,४९,२४** | **२,०४,५०** | **५,४४,७४** |

(ग) केन्द्रले यन्त्र उपकरण/प्रयोगशाला/पुस्तकालय शुल्क, धरौटी वापतको रकम, र यन्त्र उपकरण मर्मत गर्दाको खर्च वा मर्मत नहुने अवस्थामा यन्त्र उपकरणको कुल लागत वापतको रकम कट्टा गर्नु पर्ने भएमा भुक्तानी गरिने कुल छात्रवृत्ती रकमबाट कट्टागरि बाँकी रकम मात्र विश्वविद्यालयलाई भुक्तानी गर्नेछ ।

**अनुसूची-२**

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

## यन्त्र उपकरण भाँडामा प्रयोग गर्दा कायम दररेट

(क) केन्द्रले कोर्षको फिल्डकार्य, प्राक्टीकल कार्य, प्रोजेक्ट कार्य अध्ययन अनुसन्धान कार्य वा यस्तै प्रकृतिका अन्य कार्यका लागि केन्द्रका यन्त्र उपकरण भाँडामा उपलब्ध गराउँदा देहाय अनुसार भाँडा लिनेछ :-

| सि.नं. | यन्त्र उपकरणको नाम | भाँडादर रु (प्रतिदिन) | कैफियत |
|---|---|---|---|
| १ | Differential GPS प्रति सेट | १००० | |
| २ | पोष्ट प्रोसेसिङ्ग सफ्टवयेर | २५०० | |
| ३ | Handheld GPS प्रति सेट | १५० | |
| ४ | Total Station प्रति सेट | ७५० | |
| ५ | Digital Level प्रति सेट | ७५० | |
| ६ | Theodolite T2 प्रति सेट | २०० | |
| ७ | Theodolite T16 प्रति सेट | २०० | |
| ८ | Current Meter प्रति सेट | १५० | |
| ९ | Echo sounder प्रति सेट | १५० | |
| १० | Telescopic Alidade with Plane Table and Computing scale प्रति सेट | १५० | |
| ११ | Tape 50 meter प्रति गोटा | २५ | |
| १२ | Staff 3meter प्रति गोटा | १५ | |
| १३ | Computing Scale प्रति गोटा | १० | |
| १४ | Triangular Scale प्रति गोटा | १० | |
| १५ | Set Square प्रति सेट | १० | |
| १६ | Graphos Pen प्रति सेट | १० | |

(ख) विश्वविद्यालयले प्रयोजन खुलाई यन्त्र उपकरण भाँडामा उपलब्ध गराउन केन्द्रसंग माग गरेमा केन्द्रले विश्वविद्यालयका आधिकारीक प्रतिनिधिलाई हस्तान्तरण गराई यन्त्र उपकरण भाँडामा उपलब्ध गराउनेछ।

(ग) कार्य सम्पन्न भए पश्चात विश्वविद्यालयले आधिकारीक प्रतिनिधिका साथ यन्त्र उपकरण फिर्ता गर्नुपर्नेछ। केन्द्रले यन्त्र उपकरण प्राप्त भएको लिखित जानकारी विश्वविद्यालयलाई गराउनेछ।

(घ) यन्त्र उपकरण प्रयोग गरेको दिन गणना गर्दा लिएको मिति र फिर्ता गरेको मिति सम्मको जम्मा दिन गणना गरिनेछ। विश्वविद्यालयले सो वापतको रकम वार्षिक रुपमा भुक्तानी गर्नु पर्नेछ।

(ङ) Differential GPS, Total Station, Digital Level, Auto Level, Theodolite, भाँडामा लिँदा यन्त्र उपकरण प्रयोग गर्ने दक्ष जनशक्ती समेत केन्द्रवाट लैजानु पर्नेछ र उक्त जनशक्तीको नियमानुसार लाग्ने दैनिक तथा भ्रमण भत्ता विश्वविद्यालयले व्यहोर्नु पर्नेछ।

(च) भाँडामा लिएका यन्त्र उपकरणको पूर्ण सुरक्षा विश्वविद्यालयले गर्नु पर्नेछ। प्रयोगका क्रममा लापरवाहीका कारण यन्त्र उपकरणहरु बिग्रेमा वा टुटफुट भएमा सो को मर्मत कार्य विश्वविद्यालयले गर्नुपर्नेछ। यदि मर्मत हुन नसक्ने भएमा सो यन्त्र उपकरणको कूल लागत विश्वविद्यालयले व्यहोर्नु पर्नेछ।

## अनुसूची-३

(दफा ५ को उपदफा (७) संग सम्बन्धित)

## यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला धरौटी सम्वन्धी

(क) कोर्षमा अध्ययन गर्न भर्ना हुन आउने विद्यार्थीले केन्द्रको यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला प्रयोग गर्न देहाय अनुसार रकम धरौटी राख्नुपर्नेछ ।

| सि.नं. | धरौटी विवरण | प्रति विद्यार्थी धरौटी वापतको रकम रु | कैफियत |
|---|---|---|---|
| १ | यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला धरौटी | १०,००० | |

(ख) विश्वविद्यालयले केन्द्रको यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला प्रयोग गर्ने विद्यार्थीहरुको सूची र सूची अनुसारको जम्मा धरौटी रकम केन्द्रलाई पठाउनेछ ।

(ग) विश्वविद्यालयबाट प्राप्त त्यस्तो धरौटी रकम केन्द्रले व्यवस्थित अभिलेख राखी धरौटी खातामा जम्मा गर्नेछ ।

(घ) केन्द्रले धरौटी रकम नराख्ने विद्यार्थीहरुलाई यन्त्र उपकरण/ पुस्तकालय/प्रयोगशाला प्रयोग गर्न दिने छैन ।

(ङ) प्रयोगको क्रममा विद्यार्थीबाट भएको लापरवाहीका कारण बिग्रेमा वा टुटफुट भएमा सो को अभिलेख राखी पढाई सम्पन्न पश्चात कट्टा गर्नुपर्ने भए कट्टा गरि बांकी रकम सम्बन्धित विद्यार्थीलाई फिर्ता गरिनेछ ।

(च) छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले नियमानुसार राख्नु पर्ने धरौटी रकम आफैले व्यहोर्नु पर्नेछ ।

नेपाल सरकार,
भूमिसुधार तथा व्यवस्था मन्त्रालय,

**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**

धुलिखेल, काभ्रे,नेपाल

**र**

**काठमाण्डौं विश्वविद्यालय**

धुलिखेल, काभ्रे, नेपाल

**र**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**

सानोठिमि, भक्तपुर,नेपाल

# बीच

# डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ कोर्ष सञ्चालन गर्ने सम्बन्धी

# सहमती-पत्र

(Memorandum of Understanding)

**प्रस्तावना:**

सूचना प्रविधी, नापनक्शा तथा भौगोलिक सूचना प्रविधीमा भै रहेको द्रुततर विकासवाट सिर्जित अवसरलाई समुचित उपयोग गर्दै भूमि र भूमि स्रोतको दीगो उपयोग र व्यवस्थापनवाट राष्ट्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा योगदान पुऱ्याउन नापनक्शा, भौगोलिक सूचना, भूमि प्रशासन र यस सम्वन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा दक्ष प्राविधिक र उच्च स्तरिय प्राज्ञिक जनशक्तिको अपरिहार्यतालाई आत्मसात गर्दै सहायक स्तरका दक्ष प्राविधिक जनशक्ति स्वदेशमै उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदको मिति २०७२।०३।२० गतेको १३९ औं बैठकको निर्णय नं. ९३३ अनुसार प्राप्त सम्बन्धन/स्विकृति र मिति २०७२।४।१७ को नेपाल सरकार, मन्त्रिस्तरको निर्णय वमोजिम नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय अर्न्तगतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (यसपछि केन्द्र भनिएको), काठमाडौं विश्वविद्यालय (यसपछि विश्वविद्यालय भनिएको) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (यसपछि परिषद भनिएको), बिच यो सहमती-पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरी लागु गरेका छौं ।

**१.सहमती पत्रको नाम र प्रारम्भ:** (१) यस सहमती-पत्रको नाम "भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काठमाडौं विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको त्रि-पक्षीय सहकार्यमा डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्ष संचालन गर्ने सम्बन्धी सहमती-पत्र" रहेको छ ।
(२) यो सहमती-पत्र तीनवटै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सहमति-पत्रमा-

(क) "मन्त्रालय" भन्नाले नेपालीमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय, अंग्रेजीमा Ministry of Land Reform & Management र छोटकरीमा MoLRM भन्ने सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले नेपालीमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, अंग्रेजीमा Land Management Training Centre र छोटकरीमा LMTC भन्ने सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले नेपालीमा काठमाण्डौं विश्वविद्यालय, अंग्रेजीमा Kathmandu University र छोटकरीमा KU भन्ने सम्झनु पर्छ ।

(घ) "परिषद" भन्नाले नेपालीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, अंग्रेजीमा Council for Technical Education and Vocational Training र छोटकरीमा CTEVT भन्ने सम्झनु पर्छ ।

(ङ) "तीनैपक्ष" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काठमाण्डौं विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद भन्ने सम्झनु पर्छ ।

(च) "सहमती-पत्र" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काठमाण्डौं विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद विच भएको Memorandum of Understanding र छोटकरीमा MoU भन्ने सम्झनु पर्छ ।

(छ) "कोर्ष" भन्नाले नेपालीमा डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग र अंग्रेजीमा Diploma in Geomatics Engineering भन्ने सम्झनु पर्छ ।

(ज) "सेमेस्टर" भन्नाले ६ महिने अवधिको शैक्षिक कार्यक्रम र अंग्रेजीमा Semester भन्ने सम्झनु पर्छ ।

(झ) "प्रवेश परीक्षा समिति" भन्नाले सहमती पत्रको दफा ८ वमोजिम गठित समिति सम्झनु पर्छ ।

(ञ) "कोर्ष व्यवस्थापन समिति" भन्नाले सहमतीपत्रको दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

**३. भाषा र अनुवाद** : (१) यो सहमतीपत्र नेपाली भाषामा तयार गरिएको छ । तर डाटा, चिठ्ठिपत्र तथा प्राविधिक सूचनाको आदानप्रदान नेपाली वा अंग्रेजी भाषामा गर्न सकिनेछ ।
(२) यो सहमति-पत्रमा उल्लेख नगरिएका विषयहरुमा परिषद संगको परामर्शमा भएको निर्णयानुसार हुनेछ ।
(३) यो सहमति-पत्रमा प्रयोग गरिएका दफाहरुमा कुनै कानुनी दुविधा उत्पन्न भएमा प्रचलित कानुन अनुसार हुनेछ ।

**४. कार्य क्षेत्र:** (१) केन्द्रले कोर्षका लागि प्रत्येक वर्ष ४८ जना विद्यार्थी भर्ना लिनेछ ।

(२) कोर्षमा शुरु प्रवेशको लागि आवश्यक योग्यता परिषदको निर्धारित मापदण्ड वमोजिम अनुसूचि-१ मा उल्लेख गरिए वमोजिम हुने छ ।

(३) केन्द्रले तीनवर्ष अवधिको कोर्ष अध्ययन का लागि देहाय अनुसार शुल्क लिनेछ :-

(क) पूर्ण शुल्क, ५० प्रतिशत शुल्क र छात्रवृत्तिमा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीहरु, निजामती कर्मचारीहरु र विदेशी विद्यार्थीहरुको लागि अनुसूची-२ वमोजिमको शुल्क,

(ख) अनुसूची-१ वमोजिम योग्यता पुगेका र कोर्षको प्रवेश परिक्षामा उतिर्ण हुने योग्यताक्रममा उच्च अंक ल्याउने निजामती कर्मचारीहरु मध्येवाट वढिमा तीनजना कर्मचारीहरुका लागि धरौटी रकम बाहेक निशुल्क,

(ग) अनुसूची-३ बमोजिम कोर्षको प्रवेश परक्षिामा उत्तिर्ण हुने खुल्ला तर्फका योग्यताक्रममा उच्च अंक ल्याउने प्रत्येक विकास क्षेत्रबाट २/२ जनाका दरले जम्मा १० जना विद्यार्थीलाई नि:शुल्क,

(घ) अनुसूची-३ वमोजिम कोर्षको प्रवेश परिक्षामा उतिर्ण हुने समावेसी तर्फका योग्यताक्रममा उच्च अंक ल्याउने प्रत्येक विकास क्षेत्रबाट ४/४ जनाका दरले जम्मा २० जना विद्यार्थीलाई ५० प्रतिशत शुल्क ।

(४) केन्द्रले विद्यार्थीबाट लिने शुल्कहरु राजश्व खातामा जम्मा गर्नेछ ।

(५) कोर्ष सञ्चालनका लागि लाग्ने प्रशासनिक खर्च र छात्रवृत्ति रकम नेपाल सरकार वाट वार्षिक रुपमा वार्षिक कार्यक्रमका आधारमा विनियोजन गरी प्राप्त हुनेछ ।

**५. केन्द्रको जिम्मेवारी:** (१) परिषदबाट संचालित प्रवेश परीक्षाको उत्तिर्ण मेरिट योग्यताक्रमको आधारमा तोकिएको संख्यामा विद्यार्थी र कर्मचारीहरुलाई केन्द्रले छात्रवृत्ति प्रदान गर्नेछ ।

(२) छनोट भै भर्ना भएका विद्यार्थीलाई केन्द्रले परिषदको नियमानुसार रजिष्ट्रेशन फारम भराई परिषदमा पठाउनेछ ।

(३) केन्द्रले परिषदबाट प्राप्त प्रत्येक विद्यार्थीको रजिष्ट्रेसन नम्बर प्रयोग गर्नेछ ।

(४) कोर्ष सञ्चालनको शैक्षिक तालिका परिषद र विश्वविद्यालयसंग समन्वय गरी केन्द्रले प्रकाशित गर्नेछ ।

(५) शैक्षिक तालिका अनुसार प्रत्येक वर्ष कोर्षको प्रथम वर्षका दुवै सेमेष्टरका सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाको नियमित पठनपाठनका लागि कोर्षको पाठ्यक्रम र तालीका विश्वविद्यालयलाई पठाउनेछ ।

(६) केन्द्रले द्वितिय र तृतीय वर्षको नियमित पठन पाठनको लागी कक्षा कोठा, शैद्धान्तिक तथा प्रयोगात्मक कक्षा र व्यवहारिक कक्षा, फिल्डक्याम्प र फिल्ड ट्रेनिङ र Individual/Group Project कार्यको सम्पूर्ण व्यवस्थापन गर्नेछ ।

(७) केन्द्रले कोर्षको सैद्धान्तिक/अभ्यास कक्षामा संलग्न हुने विश्वविद्यालयका विज्ञ श्रोत व्यक्ति र केन्द्रका प्रशिक्षकहरुको पारिश्रमिक वापतको रकम प्रत्येक सेमेष्टर समाप्ती पश्चात अनुसूची-४ वमोजिम भूक्तानी गर्नेछ ।

(८) केन्द्रले विश्वविद्यालयका सैद्धान्तिक कक्षाकोठा, प्रयोगशाला, रसायन, ड्इङ सामाग्री र प्रशासनिक खर्च वापत प्रत्येक सेमेष्टर समाप्ती पश्चात अनुसूची-५ वमोजिम भूक्तानी गर्नेछ ।

(९) केन्द्रले परिषदको नियमानुसार प्रवेश परीक्षा शुल्क, रजिष्ट्रेशन शुल्क र अन्तिम परिक्षा (End Semester) शुल्क वापतको रकम प्रत्येक सेमेष्टरको समाप्ति पछि वा वार्षिक रुपमा भूक्तानी गर्नेछ ।

(१०) केन्द्रले विश्वविद्यालयका विषयगत शिक्षक र केन्द्रका प्रशिक्षकहरुवाट प्रत्येक सेमेष्टरको आन्तरिक मूल्यांकन (Internal Evaluation) को अंक तालीका गोप्य तवरवाट परिषदलाई उपलव्ध गराउनेछ ।

(११) केन्द्रले कोर्ष समाप्ती पश्चात विद्यार्थीको चारित्रिक प्रमाणपत्र (Character Certificate) उपलब्ध गराउनेछ ।

(१२) आन्तरीक परीक्षा संचालन गर्दा विश्वविद्यालयलाई जनशक्ति आवश्यक परेमा केन्द्रले उपलब्ध गराउनेछ ।

(१३) केन्द्रले कोर्ष संचालनमा समन्वय गर्न एक जना कोर्ष संयोजक तोक्नेछ । केन्द्रले कोर्ष संयोजकलाई अनुसूची-४ बमोजिम मासिक भत्ता उपलब्ध गराउनेछ ।

(१४) कोर्षमा अध्ययन गर्ने विद्यार्थीहरुले केन्द्रको छात्र र छात्रावासमा वस्न चाहेमा अनुसूची-३ मा उल्लेख गरिए वमोजिमको छात्रावास धरौटी रकम र मासिक छात्रावास शुल्क भूक्तानी गर्नुपर्नेछ ।

६. **परिषदको जिम्मेवारी** : (१) परिषदले कोर्षमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि प्रवेश परीक्षाको आवेदन फारम उपलब्ध गराउनेछ ।

(२) परिषदले परिषदको नियमानुसार छात्रवृत्ति र पूर्ण शुल्क तिरी अध्ययन गर्न चाहने विद्यार्थीको लागि प्रवेश परीक्षा संचालन गर्नेछ ।

तर परिषदले प्रवेश परीक्षा संचालन नगरेसम्म दफा ८ मा गठित समितिले प्रवेश परीक्षा संचालन र नतिजा प्रकाशन गर्नेछ ।

(३) परिषदले केन्द्रमा भर्ना भएका विद्यार्थीहरुको नियमानुसार रजिष्ट्रेशन गरी केन्द्रलाई जानकारी दिनेछ ।

(४) परिषदले सेमेष्टरको अन्तिम परीक्षाको तालिका प्रकाशन, परीक्षा संचालन, मूल्यांकन र नियमानुसार नतिजा प्रकाशन गर्नेछ ।

(५) परिषदले नियमानुसार कोर्षको प्रमाणिकरण गर्नेछ ।

(६) परिषदले कोर्षमा उत्तिर्ण विद्यार्थीहरुको प्रमाणपत्र (Certificate) र ट्रान्सक्रिप्ट (Transcript) उपलब्ध गराउनेछ ।

(७) परिषदले आकस्मिक निरिक्षण र अनुगमन गर्न सक्नेछ ।

७. **विश्वविद्यालयको जिम्मेवारी**: (१) विश्वविद्यालयले प्रथम वर्षका दुवै सेमेष्टरका कक्षाको नियमित पठनपाठनका लागी कक्षाकोठा, प्रयोगशाला र ड्रइङ ल्याबको मौजुदा अवस्था र उपलब्धता हेरी व्यवस्था गर्नेछ ।

(२) विश्वविद्यालयले प्रत्येक सेमेष्टरको शुरुमा विषयगत शिक्षकको सूची, कक्षाकोठा र प्रयोगशाला उपलब्धताको विवरण केन्द्रलाई पठाउनेछ ।

(३) विश्वविद्यालयले कोर्षमा समन्वय गर्न १ जना कोर्ष संयोजक तोक्नेछ ।

(४) विश्वविद्यालयले कोर्षमा अध्ययनरत विद्यार्थीलाई पुस्तकालय, Internet, Drawing lab, खेल मैदान प्रयोग गर्न दिनेछ ।

(५) विश्वविद्यालयले कोर्षमा अध्ययनरत विद्यार्थीलाई अन्य विद्यार्थी सरह काठमाण्डौं विश्वविद्यालय, धुलिखेल अस्पतालमा स्वास्थ्य सहुलियत उपलब्ध गराउनेछ । साथै केन्द्रमा कार्यरत इच्छुक कर्मचारीलाई विश्वविद्यालयका कर्मचारी सरह स्वास्थ्य विमा योजनामा समावेश गर्नेछ ।

(६) प्रयोगशालामा प्रयोग हुने रसायन, ड्रइङ र अन्य सामाग्री वापत विश्वविद्यालयले केन्द्रसंग प्रत्येक सेमेष्टर समाप्ती पश्चात अनुसूची-५ वमोजिम भूक्तानी माग गर्नेछ ।

(७) विश्वविद्यालयले आकस्मिक निरिक्षण र अनुगमन गर्न सक्नेछ ।

८. **प्रवेश परीक्षा समिति**: (१) दफा ६ को उपदफा (२) को प्रयोजनका लागि सञ्चालन गर्न देहायको प्रवेश परीक्षा समिति रहनेछ :-

(क) कार्यकारी निर्देशक, भूमिव्यवस्थापन प्रशिक्षण केन्द्र - संयोजक

(ख) परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद - सदस्य

(ग) प्रशासकिय अधिकृत, काठमाण्डौं विश्वविद्यालय - सदस्य

(घ) निर्देशक, प्रशासन शाखा, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र - सदस्य-सचिव

(२) समितिले प्रवेश सम्बन्धमा आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

९. **कोर्ष व्यवस्थापन समिति**: कोर्षको व्यस्थापन गर्न देहायको समिति रहने छ :-

(क) कार्यकारी निर्देशक, भूमिव्यवस्थापन प्रशिक्षण केन्द्र -संयोजक

(ख) निर्देशक पोलिटेक्निकल महाशाखा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद -सदस्य

(ग) प्रतिनिधि (भौतिक/रसायन शास्त्र), काठमाडौं विश्वविद्यालय -सदस्य

(घ) कोर्ष संयोजक, डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग, काठमाडौं विश्वविद्यालय -सदस्य

( ङ ) कोर्ष संयोजक, डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र -सदस्य-सचिव

**१०. <u>कोर्ष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:</u>** (१) कोर्ष व्यवस्थापन समितिको काम कर्तव्य देहाय वमोजिम हुनेछ :-

(क) कोर्षको नियमित र व्यवस्थित तवरवाट प्रवेश परिक्षा, सैद्धान्तिक, व्यवहारिक र अभ्यास कक्षा, फिल्ड क्याम्प, आन्तरिक र सेमेष्टरका अन्तिम परिक्षा सञ्चालन गर्न आवश्यक पर्ने मापदण्ड, आधार र आचार संहिता तर्जुमा गरी लागू गर्ने ।

(ख) कोर्षका सैद्धान्तिक, व्यवहारिक, अभ्यास कक्षा तथा फिल्ड क्याम्प सञ्चालन गर्ने सम्वन्धमा समस्या आई परेमा सो को निराकरण गर्ने ।

(ग) कोर्षको पाठ्यक्रममा संशोधन तथा सुधार गर्न आवश्यक देखिएमा विज्ञ कार्यदल गठन गरी प्रतिवेदन लिने ।

(२) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ । एक बैठक र अर्को बैठक विचको अन्तरको समयावधि तीन महिना भन्दा बढी हुने छैन ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार तीनै पक्षका लेखा तथा प्रशासन प्रमुख र अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**११. <u>सहमतीपत्र लागु हुने अवधिर पुनरावलोकन:</u>** (१) यो सहमती पत्र आ.व. २०७२/०७३ देखि २०७५/०७६ सम्म अर्थात ४ वर्ष सम्म भर्ना हुने ४ व्याच विद्यार्थीका लागि लागू हुनेछ ।

(२) कोर्ष संचालनवाट प्राप्त उपलब्धि र आवश्यकतालाई मूल्याङ्कन गरी तीनै पक्षको सहमतीमा समयावधि थप गर्न सकिनेछ ।

(३) तिनै पक्षको सहमतीमा सहमती पत्रमा पुनरावलोकन गर्न सकिनेछ ।

**१३. <u>विवाद र समाधान:</u>** यदि तीनै पक्ष वीच यो सहमती-पत्रमा उल्लिखित दफामा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतीद्वारा समाधान गरिनेछ । त्यस्तो विवाद आपसी सहमतमि समाधान हुन नसकेमा प्रचलित कानून अनुसार हुनेछ ।

**१४.** यो सहमती पत्रमा उल्लिखित दफाहरुमा मन्जुर गरी लागू गर्न तीनै पक्ष सहमत भै सही छाप गरि एक एक प्रति लियौं दियौं ।

| **केन्द्रको तर्फबाट** | **विश्वविद्यालयको तर्फबाट** | **परिषदको तर्फबाट** |
|---|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: कृष्णराज बि.सी. | नाम :प्रा.डा. भोला थापा | नाम: डा. रामहरी लामिछाने |
| पद: कार्यकारी निर्देशक | पद: रजिष्ट्रार | पद: सदस्य सचिव |
| मिति: | मिति: | मिति: |
| कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

| **रोहवर** | **रोहवर** | **रोहवर** |
|---|---|---|
| मन्त्रालयको प्रतिनिधी | | |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: नागेन्द्र झा | नाम: उप.प्रा.डा.प्रचण्डमान प्रधान | नाम : विनय मिश्र |
| पद: सहसचिव | पद: का.मु. विभागीय प्रमुख | पद : निर्देशक |

| **साक्षी** | **साक्षी** | साक्षी |
|---|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: | |
| नाम: विकास कुमार कर्ण | नाम: सुभाष घिमिरे | रमेश कुमार बरुवाल |
| पद: वरिष्ठ प्रशिक्षक | पद: कोर्ष संयोजक | निर्देशक |

## अनुसूची-१

### (दफा ४ को उपदफा (२) संग सम्वन्धित)

### डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्षमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता

**१. खुल्ला उम्मेदवारका लागी आवश्यक न्यूनतम योग्यता:**

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा कम्तीमा द्वितिय श्रेणीमा उत्तिर्ण वा ४५% अंक प्राप्त गरी उत्तिर्ण गरेको ।

(ख) आवेदन फारम भर्ने अन्तिम मिति सम्ममा २५ वर्ष ननाघेको ।

**२. निजामती कर्मचारीका लागी आवश्यक न्यूनतम योग्यता :**

(क) १ वर्षे अवधिको अमिन वा आधारभुत नापी तालिम लिई नेपाल सरकार निजामती सेवा अन्तरगतको नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहको रा.प.अनं. द्वितिय/प्रथम श्रेणीको पदमा कम्तीमा ३ वर्ष स्थायी सेवा पुरा गरेको ।

(ख) निजामती कर्मचारीले आवेदन फारम भर्ने अन्तिम मिति सम्ममा ४५ वर्ष ननाघेको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(घ) निजामती सेवा नियमावली, २०५० को नियम १२७ (क) बमोजिम अध्ययन गर्न पूर्व स्विकृती लिएको ।

## अनुसूची-२
### (दफा ४ को उपदफा (३) (क) संग सम्वन्धित)

### डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङमा अध्ययन गर्न निर्धारित शुल्क सम्वन्धी विवरण

| सि. नं. | विवरण | शुल्क विवरण रु. | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुर्ण शुल्किय (विधार्थी) | ५०% छात्रवृत्ती (विधार्थी) | पुर्ण छात्रवृत्ती (विधार्थी) | पुर्ण छात्रवृत्ती (निजामति कर्मचारी) | सार्क राष्ट्रका विधार्थी | सार्क राष्ट्र बाहेकका विधार्थी | |
| १ | प्रवेश परीक्षा शुल्क | १५०० | १५०० | १५०० | १५०० | २२५० | ३००० | |
| २ | भर्ना शुल्क | १५००० | ७५०० | | | २२५०० | ३०००० | एक पटक भर्ना हुँदा |
| ३ | रजिष्ट्रेशन शुल्क | २५०० | २५०० | | | ३७५० | ५००० | " " |
| ४ | शिक्षण शुल्क | १०८००० | ५४००० | | | १६२००० | २१६००० | प्रति सेमेष्टर |
| ५ | स्वास्थ्य बिमा | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | प्रति वर्ष |
| ६ | परिचयपत्र शुल्क | ४०० | ४०० | | | ६०० | ८०० | एक पटक भर्ना हुँदा |
| ७ | पुस्तकालय शुल्क | ८०० | ४०० | | | १२०० | १६०० | " " |
| ८ | प्रयोगशाला शुल्क | ८०० | ४०० | | | १२०० | १६०० | " " |
| ९ | फिल्ड प्रशिक्षण शुल्क | १६००० | ८००० | | | २४००० | ३२००० | दोश्रो र तेश्रो वर्ष |
| १० | परिक्षा शुल्क | १२००० | १२००० | | | १२००० | १२००० | प्रति सेमेष्टर |
| ११ | पुस्तकालय धरौटी | २००० | २००० | २००० | २००० | ३००० | ४००० | एक पटक भर्ना हुँदा |
| १२ | प्रयोगशाला धरौटी | ५००० | ५००० | ५००० | ५००० | ७५०० | १०००० | " " |
| १३ | यन्त्र उपकरण धरौटी | ८००० | ८००० | ८००० | ८००० | १२००० | १६००० | " " |
| १४ | अतिरिक्त क्रियाकलाप शुल्क | १५०० | १५०० | | | २२५० | ३००० | " " |
| १५ | छात्रावास शुल्क | १८००० | १८००० | १८००० | | २७००० | ३६००० | छात्रावास प्रयोग गर्ने विद्यार्थीलाई मात्र |
| १६ | छात्रावास धरौटी | ५००० | ५००० | ५००० | | ७५०० | १०००० | छात्रावास प्रयोग गर्ने विद्यार्थीलाई १ पटकमात्र |
| | **जम्मा** | **१९८०००** | **१२९२००** | **४२५००** | **१९५००** | **२९१७५०** | **३७६०००** | |

द्रष्टव्य : १) सि.नं. ४ उल्लिखित शिक्षण शुल्कको हकमा पूर्ण शुल्कमा अध्ययन गर्ने विद्यार्थीले प्रति सेमेष्टर रु.१८,०००।-, ५०% छात्रावृत्ती पाएका विधार्थीले प्रति सेमेष्टर रु.९,०००।-, सार्क राष्ट्रका विद्यार्थीले प्रति सेमेष्टर रु.२७०००।- र सार्क राष्ट्र बाहेकका विद्यार्थीले प्रति सेमेष्टर रु.३६०००।- सेमेष्टरको शुरुमा एकमुष्ठ भुक्तानी गर्नु पर्नेछ ।

२) सि.नं. २ मा उल्लिखित स्वास्थ्य विमा शुल्क रु.१०००।- वार्षिक रुपमा वर्षको शुरुमा विद्यार्थीले तिर्नु पर्नेछ ।

३) सि.नं. ९ मा उल्लिखित फिल्ड प्रशिक्षण शुल्क वार्षिक रु.८०००।- दोश्रो र तेश्रो वर्षको शुरुमा तिर्नु पर्नेछ ।

४) सि.नं. १० मा उल्लिखित परीक्षा शुल्क प्रति सेमेष्टर रु.२०००।- सेमेष्टरको शुरुमा तिर्नु पर्नेछ । कुनै विद्यार्थीले पून: परीक्षा दिनुपर्ने भएमा सम्बन्धित विद्यार्थीले नियमानुसार लाग्ने परीक्षा शुल्क थप तिर्नु पर्नेछ ।

५) सि.नं ११, १२, १३ र १६ बमोजिमको धरौटी रकम कोर्ष सम्पन्न गरे पश्चात सम्बन्धित विद्यार्थीलाई फिर्ता गरिनेछ ।

## अनुसूची-३
### (दफा ४ को उपदफा (३) (ग) संग सम्वन्धित)

### डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ कोर्ष अध्यनका लागी छनोट गर्ने मापदण्ड

१. **सिट संख्या निर्धारण:** डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ कोर्ष अध्ययनका लागी देहाय बमोजिम समावेसी सिट संख्या निर्धारण गरिएकोछ,

| विकास क्षेत्र | समाबेशी आधारमा सिट संख्या | | | | खुल्ला | जम्मा |
|---|---|---|---|---|---|---|
| | महिला | आदिबासी जनजाति | मधेशी | दलित | | |
| पुर्वाञ्चल | १ | १ | १ | १ | ५ | ९ |
| मध्यमान्चल | १ | १ | १ | १ | ५ | ९ |
| पश्चिमान्चल | १ | १ | १ | १ | ५ | ९ |
| मध्य पश्चिमान्चल | १ | १ | १ | १ | ५ | ९ |
| सुदुर पश्चिमान्चल | १ | १ | १ | १ | ५ | ९ |
| कर्मचारी | | | | | ३ | ३ |
| जम्मा | ५ | ५ | ५ | ५ | २८ | ४८ |

२. **छात्रवृत्ति :** परिषदबाट संचालित प्रवेश परक्षिाको उत्तिर्ण योग्यताक्रम अनुरुप उत्कृष्ट प्रत्येक विकास क्षेत्रका २ जना गरी जम्मा १० जनालाई १००%, छात्रवृत्ति, समावेशी आधारमा प्रत्येक विकास क्षेत्रबाट ४ जना गरी जम्मा २० जनालाई ५०% छात्रवृत्ति र निजामती सेवामा कार्यरत मध्येबाट छनौट हुने ३ जना कर्मचारीलाई १००% छात्रवृत्ति प्रदान गरिनेछ ।

३. प्रवेश परिक्षा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल वा सम्बन्धित विकास क्षेत्रका तोकिएका जिल्ला वा परिषदले तोकेको स्थानमा संचालन गरिनेछ ।

४. विधार्थी छनौट लिखित परीक्षाको आधारमा गरिनेछ ।

५. नतिजा प्रकाशन गर्दा पहिले खुल्लातर्फ छनौट गरी तत्पश्चात समावेशी तर्फका विद्यार्थी छनौट गरिनेछ ।

६. प्रत्येक विकास क्षेत्रको खुल्ला तर्फ २/२ जना र समावेशी तर्फ प्रत्येकमा १/१ जना बैकल्पिक उम्मेदवार छनौट गरिनेछ ।

७. भर्नाका लागि छनौट भएका विधार्थी तोकिएको मिति सम्म भर्ना हुन नआएमा बैकल्पिक उम्मेदवारलाई योग्यताक्रमका आधारमा भर्ना गरिनेछ ।

## अनुसूची-४

### (दफा ५ को उपदफा (७) संग सम्वन्धित)

**कोर्षको शैद्धान्तिक कक्षा, प्रयोगात्मककक्षा, व्यवहारिक अभ्यास कक्षा, फिल्डट्रेनिङको अभ्यास कक्षामा संलग्नहुने विश्वविद्यालय, केन्द्र, परिषद र अन्य निकायवाट संलग्नहुने विज्ञ स्रोत व्यक्ति र सहायकको पारिश्रमिक सम्वन्धी मापदण्ड**

**(१) विश्वविद्यालयका विषयगत शिक्षकको पारीश्रमिक :**

| पद | शैक्षिक योग्यता | पारिश्रमिक | कैफियत |
|---|---|---|---|
| टिचिङ्ग असिष्टेण्ट | सम्बन्धित बिषयमा ४ वर्षे स्नातक प्रथम श्रेणी वा सो सरह | रु.३२,०००।- प्रति ६० घण्टा | कोर्षको पूर्णाङ्क/घण्टा फरक भएमा अनुपातमा हुनेछ |
| लेक्चरर | सम्बन्धित बिषयमा प्रथम श्रेणीमा स्नातकोत्तर वा सो सरह | रु.३५,५००।- प्रति ६० घण्टा | कोर्षको पूर्णाङ्क/घण्टा फरक भएमा अनुपातमा हुनेछ |
| उपप्राध्यापक | सम्बन्धित बिषयमा स्नातकोत्तर प्रथम श्रेणी वा सो सरह उत्तीर्ण र न्यूनतम २ वर्ष स्नातक र स्नातकोत्तर तहमा अध्यापन अनुभव<br>वा<br>सम्बन्धित बिषयमा पिएच.डी. र १ बर्ष स्नातक र स्नातकोत्तर तहमा अध्यापन अनुभव | रु.४४,५००।- प्रति ६० घण्टा | कोर्षको पूर्णाङ्क/घण्टा फरक भएमा अनुपातमा हुनेछ |

(२) कोर्षको सैद्धान्तिक कक्षा प्रशिक्षण कार्यमा संलग्न हुने केन्द्रका प्रशिक्षकलाई प्रति घण्टा रु.२६६।- (जुनियर नापी तालिमको नर्म्स बमोजिम प्रति घण्टमा रुपान्तरण गरिएको दररेट) बमोजिम भुक्तानी दिइनेछ । त्यस्तो प्रशिक्षकले एक दिनमा दुई पिरियड भन्दा बढी सैद्धान्तिक कक्षा प्रशिक्षण गर्न पाउने छैन ।

(३) कोर्षको अभ्यास कक्षा प्रशिक्षण कार्यमा संलग्न हुने केन्द्रका प्रशिक्षकलाई प्रति घण्टा रु.१२५।- (जुनियर नापी तालिमको नर्म्स बमोजिम प्रति घण्टमा रुपान्तरण गरिएको दररेट) बमोजिम भुक्तानी दिइनेछ । त्यस्तो प्रशिक्षकले एक दिनमा तिन पिरियड भन्दा बढी अभ्यास कक्षा प्रशिक्षण गर्न पाउने छैन ।

(४) केन्द्रले केन्द्रमा कोर्ष संयोजकलाई रु.२०००।- मासिक भत्ता उपलब्ध गराउनेछ ।

(५) केन्द्रले विश्वविद्यालयका विषयगत शिक्षक तथा केन्द्रका प्रशिक्षकहरुलाई कोर्ष कन्ट्याक्ट गरी जिम्मेवारी दिनेछ ।

(६) कोर्ष कन्ट्याक्ट गर्ने विश्वविद्यालयका विषयगत शिक्षक तथा केन्द्रका प्रशिक्षकहरुले १०० पूर्णाङ्कको विषयका लागि न्यूनतम ६० घण्टा कक्षा लिनु पर्नेछ । साथै प्रशिक्षण गरेको विषयको परिषदको Calendar अनुसार आन्तरिक परीक्षा संचालन र मूल्यांकन गरि कोर्ष संयोजकलाई गोप्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**अनुसूची-५**
**(दफा ५ को उपदफा (८) संग सम्वन्धित)**

**सैद्धान्तिक कक्षाकोठा, प्रयोगशाला, रसायन ड्रइङ, अन्य सामाग्री**

(१) केन्द्रले विश्वविद्यालयका कक्षाकोठा, प्रयोगशाला, रसायन, ड्रइङ प्रयोग गरे वापत देहाय वमोजिमका रकम विश्वविद्यालयलाई उपलब्ध गराउने छ :-

| सि.नं. | विवरण | प्रति सेमेष्टर रु. | प्रति विद्यार्थी प्रति सेमेष्टर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा कोठा | ५०,०००।- | | एक मुष्ठ, वोर्ड मार्कर, स्टेशनरी समेत |
| २ | भौतिक प्रयोगशाला | | २५००।- | शिक्षक र सहायक समेत |
| ३ | रसायन प्रयोगशाला | | ३०००।- | शिक्षक र सहायक समेत |
| ४ | ड्रइङ सिट | | ३००।- | |
| ५ | स्वास्थ्य विमा | | ५००।- | |

(२) केन्द्रले कक्षाकोठा, प्रयोगशाला, ड्रइङ सिट प्रयोग गरे वापतको रकम प्रत्येक सेमेष्टरको समाप्ती पछी भुक्तानी गर्नेछ ।

(३) केन्द्रले विद्यार्थीको स्वास्थ्य वीमा वापतको रकम वार्षिक रुपमा भुक्तानी गर्नेछ ।

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(...स्तर निर्धारण...... महाशाखा)

फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेबसाइट:- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौँ
मध्यपुर थिमी न.पा. १७
सानोठिमी, भक्तपुर, नेपाल।

पत्र संख्या:- ०७२/०७३
च.नं. :- 909

मिति: २०७२।०४।१०

विषय: सम्वन्धन/स्वीकृती सम्वन्धमा ।

श्री भूमि सुधार तथा व्यवस्था मन्त्रालय।
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे ।

उपर्युक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को मिति २०७२।०३।२० गतेको १३९ औ बैठकको निर्णय नं.९३३ अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, काठमाण्डौ विश्व विद्यालय र भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र धुलिखेल काभ्रेको त्रिपक्षीय सहकार्यमा तीनै पक्षवीच संञ्चालन सम्वन्धी मोडालिटी तयार गरी गैह्र नाफा मूलक तरिकाबाट शैक्षिक सत्र ०७२।०७३ देखि डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग कार्यक्रम प्रति वर्ष ४८ जना प्रशिक्षार्थी भर्ना लिई अध्यापन गराउने गरी सम्वन्धन/स्वीकृतीका लागि कार्यक्रम संञ्चालन सम्वन्धी सम्झौता मोडालिटीमा हस्ताक्षर गर्नका लागि जानकारी गराइन्छ । सम्झौता मोडालिटीमा उल्लेख नभएका विषयसंग सम्बन्धितको हकमा प्रा.लि.तथा व्या.ता.परिषदको ऐन नियम अनुसार हुने व्यहोरा समेत अनुरोध छ ।

निर्देशक

बोधार्थ:

श्री काठमाण्डौं विश्व विद्यालय, धुलीखेल, काभ्रे ।
श्री भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंह दरवार, काठमाण्डौं ।
श्री परीक्षा नियन्त्रण कार्यालय
श्री पोलिटेक्निक महाशाखा
श्री प्राविधिक महाशाखा
श्री लेखा शाखा
प्रा.शि. तथा व्या.ता.परिषद्, सानोठिमी, भक्तपुर ।

- GE Diploma को MOU संग फाईल गरी राख्ने।
- Photocopy, SOE मा